राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया , बाँके
सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित भएको मितिः२०७६/१/४

१. राप्ती सोनारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय अगैया, बाँके निम्न उल्लिखित कार्यहरु को लागि सिलबन्दी दरभाउपत्र आह्वान गर्दछ ।

| क्र.स. | सिलबन्दी दरभाउ पत्र नम्बर | कामको विवरण | अनुमानित रकम (भ्याट र कन्टिनजेन्सी बाहेक ) | दरभाउपत्र जमानत रकम (ने. रु .) |
|---|---|---|---|---|
| १. | S.Q.-Works - 075/76-01 | भुवरभवानी सहकारी देखि सिसवा पुल सम्म बाटो स्तर उन्नती | १६,८३,८७४।७५ | ५०,०००।०० |
| २. | S.Q.-Works - 075/76-02 | सिसवा पुल देखि हिम कुमार डाँगीको घर सम्म बाटो स्तर उन्नती | १६,८३,८७४।७५ | ५०,०००।०० |

२. सिलबन्दी दरभाउपत्रपेश गर्न ईच्छुक र योग्य दरभाउपत्रदाताहरूले थप जानकारीको लागि वा सिलबन्दी दरभाउपत्र सम्वन्धी फाराम हेर्नको लागि राप्ती सोनारी गाउँपालिकाको कार्यालय,अगैया बाँके ,मा सम्पर्क राख्न सकिनेछ ।

३. योग्य दरभाउपत्रदाताहरूले मिति २०७६/१/१८ गते कार्यालय समय भित्रमा १,००० रुपैयाँ (फिर्ता नहुने) दस्तुर तिरी फर्म दर्ता प्रमाणपत्र सहित लिखित निवेदन राप्ती सोनारी गाउँपालिकाको कार्यालय,अगैया बाँके मा पेश गरी सिलवन्दी दरभाउपत्र सम्वन्धी कागजात खरिद गर्न सक्नेछन ।

४. सिलबन्दी दरभाउपत्रहरु २०७६/१/१९ गतेको १२ बजे भित्र राप्ती सोनारी गाउँपालिकाको कार्यालय,अगैया बाँके मा दर्ता गर्नुपर्नेछ । उल्लिखित समयभन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र अस्वीकृत गरिनेछ ।

५. प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु २०७६/१/१९ गतेको १ बजे उपस्थित हुन चाहने दरभाउ प्रस्तावदाता वा निजहरुको प्रतिनिधिहरुको रोहबरमा राप्ती सोनारी गाउँपालिकाको कार्यालय,अगैया बाँके मा खोलिनेछ । प्रस्तावदाता वा निजहरुको प्रतिनिधिहरुको अनुपस्थिति मा नि सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिन हुनुपर्नेछ । दरभाउपत्रको साथ यस राप्ती सोनारी गाउँपालिका को कार्यालय को नाममा क वर्गको बाणिज्य बैंक बाट जारी भएको जमानतपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अवधि दरभाउपत्रको मान्य अवधिभन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ । दरभाउपत्रदाताले जमानत बापत नगदै राख्न चाहेमा हिमालयन बैंक लिमिटेड ,शम्शेरगंज शाखा मा रहेका राप्ती सोनारी गाउँपालिकाको कार्यालय, अगैया बाँके को *खाता नम्बर* ०५२०७५४०५१००१४ मा त्यस्तो रकम जम्मा गर्न सकिनेछ र रकम जम्मा गरेको भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ । भौचर मा सिलबन्दी दरभाउपत्र नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ ।

विरेन्द्र बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

६.एक फर्म वा संस्थाको नाममा खरिद गरिएको सिलबन्दी दरभाउपत्र अर्को फर्म वा संस्थाको नाम बाट दाखिला गर्न पाईने छैन । सर्त रहेको , रित नपुगेको तथा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

७. दरभाउपत्र खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साविककै मितिदेखि गणना गरिनेछ ।

८.नेपाल सरकारको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा न जनाई सिलबन्दी दरभाउपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. यस सूचनामा उल्लेखित नभएका अन्य कुराहरुको हकमा सार्बजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ र यसको संशोधन बमोजिम हुनेछन् ।.यस सम्बन्धि थप कुरा बुझ्नु परेमा कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
राप्ती सोनारी गाउँपालिका
अगैया ,बाँके

तिरेन्द्र बहादुर माझी
प्रमुख प्रशासकीय अधिकृत